जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक १८ २०८० साल मंसिर २४ गते आइतवार (10 Dec. 2023 Sunday) मूल्य रु. ७/-

## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** महिनावारी विभेदः महिलाहरुमाथि ... **पृष्ठ ३ मा :** लैङ्गिक हिंसा र मधेसको ... **पृष्ठ ४ मा :** महिला कैदीबन्दीहरुलाई सेनेटरी ... **पृष्ठ ५ मा :** घुस बिना सेवाग्राहीहरुको ...

# जसपा सप्तरीमा आन्तरिक द्वन्द्व बढेपछि भाँडभैलो

**राजविराज**/जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीमा आन्तरिक द्वन्द्व बढेपछि भाँडभैलो मच्चिएको छ। भाँडभैलो मच्चिएपछि संस्थापन पक्ष र असन्तुष्ट पक्षद्वारा एक अर्का माथी पार्टी हित विपरीत गतिविधी गरेको आरोप-प्रत्यारोप सहित निष्काशन र जिल्ला हुदै क्षेत्र, नगर तथा गाउँपालिकाहरुमा समेत छुट्टाछुट्टै समिति पुर्नगठन र निर्माण गर्ने कार्य तिब्र बनेपछि भाँडभैलो मच्चिएको हो।

जिल्ला देखि पालिकास्तरमा गठित दुईवटा समितिले एक अर्कालाई अवैधानिक र आफुलाई बैद्यानिक भएको दाबी गर्दै विभिन्न गतिविधी अघि बढाएको छ। जसकारण कुनै पक्षमा नलागेर स्वतन्त्र भई वसेका कार्यकर्ताहरुमा अन्यौलता र निराशा छाएको छ।

आन्तरिक विवाद चर्किदै गएपछि पार्टीका नेता कार्यकर्ता स्पष्ट रुपमा अहिले दुई खेमामा विभाजित भएका छन्। एक पक्षको नेतृत्व संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले गरिरहेका छन् भने अर्को पक्षको नेतृत्व असन्तुष्ट पक्षको भेलाद्वारा गठित समितिको जिल्ला अध्यक्ष उमेश प्रसाद यादवले गरिरहेका छन्।

असन्तुष्ट पक्षको भेलाद्वारा गठित उमेश प्रसाद यादव नेतृत्वको समितिद्वारा धमाधम जिल्लाको सबै पालिकामा विभिन्न तहको समितिहरु गठन भइरहेको छ भने संस्थापन पक्षका अध्यक्ष केदार यादवद्वारा पनि कारवाहीसँगै विभिन्न पुरानो कमिटीहरुको पुर्नगठन गर्ने काम चलिरहेको छ।

उमेश प्रसाद यादवको पक्षमा खुलेरै पार्टीका कार्यकारणी सदस्य एवं पूर्वमन्त्री रेणु यादव, राजनीतिक समिति सदस्य एवं प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साह, बिनोद चौधरी, केन्द्रिय सदस्यहरु दिपक यादव, जगदेव यादव, शैलेन्द्र मोहन झा, मधेश प्रदेशका पूर्वउपाध्यक्ष शम्भु झा, बालनबिहुल गाउँपालिकाका पूर्वअध्यक्ष दयानन्द गोइत, पूर्वसांसद डा. सूर्यनारायण यादव, समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवम यादव, यूवा नेता निरज मुक्ति, सत्यनारायण यादव, मो. शबिर, निलेश झा, दयानन्द गोइत, भिमराज यादवलगायतका नेताहरुले साथ दिइरहेका छन्।






**संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादव**



**असन्तुष्ट पक्षका जिल्ला अध्यक्ष उमेश प्रसाद यादव**

पूर्वमन्त्री रेणु यादवले पार्टी भित्र आन्तरिक प्रजातन्त्र कायम गर्न तथा पार्टीको गिर्दो साखलाई जोगाउन आफूहरु बिद्रोहमा उत्रेको बताएकी छिन्। आफूहरुको बिद्रोह नेतृत्वमा देखिएको तानाशाही प्रवृती तथा पार्टीलाई जिवन्तता प्रदान गर्नका लागि भएको उनले बताउँदै आएकी छिन्।

जिल्लादेखी केन्द्रमा नेतृत्व गर्नेहरुले लोकतान्त्रिक विधी त्यागेर मनोमानी र एकलौटी ढंगले हिड्दा पार्टीको जनाधार कमजोर बन्दै गएको तथा कार्यकर्ता र समर्थकमा नैराश्यता बढ्दै गएको उनको कथन छ।

विवादकैबीच असन्तुष्ट पक्षका अध्यक्ष उमेश यादव नेतृत्वको जिल्ला कार्यसमितिले विभागीय प्रमुख, जिल्ला तथा पालिकाहरुमा इन्चार्ज समेत तोकेका छन्।

युवा विद्यार्थी विभागको प्रमुखको निरज मुक्तीलाई र महिला विभागमा गुलजारी देवी यादव जिम्मेवारी दिइएको छ। त्यस्तै शिक्षक तथा बुद्धिजीवि विभाग प्रमुखमा दयानन्द गोइत, प्रचार प्रसार विभाग तथा प्रवक्तामा निलेश कुमार झा, आर्थिक विभागमा सुचिता कुमारी यादवलाई जिम्मेवारी दिइएको छ।

यसैगरि पालिका तर्फ हनुमाननगर कंकालिनी नगरपालिकामा उपेन्द्र मंडल, तिरहुत गाउँपालिकामा जय प्रकाश यादव, महदेवा गाउँपालिकामा अभिनव यादव, तिलाठी कोइलाडी गाउँपालिमा सुचिता कुमारी यादव, राजविराज नगरपालिकामा गुलाब यादव, छिन्नमस्ता गाउँपालिकामा ब्रम्हदेव साहलाई इन्चार्जको जिम्मेवारी तोकिएको छ।

यस्तै विष्णुपुर गाउँपालिकामा रामेश्वर यादव, राजगढ़ गाउँपालिकामा संतोष मंडल, डाक्नेश्वरी नगरपालिकामा बिजली यादव, शम्भुनाथ नगरपालिकामा धनराज मंडल, खड्क नगरपालिकामा भोला साह, बोदेबरसाइन नगरपालिकामा घुरन कुमार यादव, बलान विहुल गाउँपालिकामा मुखलाल यादव, रुपनी गाउँपालिकामा विरेन्द्र चौधरी, कंचनरुप नगरपालिकामा निलेश कुमार झा, सप्तकोशी नगरपालिकामा संजय मिश्र, सुरुङ्गा नगरपालिकामा दयानन्द गोइत तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकामा बिन्देश्वर राउतलाई इन्चार्जको जिम्मेवारी दिइएको छ।

संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले असन्तुष्ट पक्षका कुनै पनि गतिविधीमा नलाग्न नेता कार्यकर्तालाई आग्रह गर्दै आएका छन्। उनी भन्छन्, "आफूहरुसँग नै जसपा सप्तरीको आधिकारिता रहेको छ, पार्टीको विधान र पद्धती विपरीत भएको असन्तुष्ट पक्षको भेलाबाट स्वघोषित पदाधिकारी र उनीहरुबाट गठित सबै समिति अवैधानिक हुन्।"

"जिल्ला समितिमा आफूहरु निर्वाचित भएर आएकोले यसलाई कसैले पनि अबैधानिक भन्न मिल्दैन्, उनले भने,

***बाँकी अन्तिम पृष्ठमा***

## ब्राउन सुगरसहित एक पक्राउ

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिकाबाट प्रहरीले एक युवकलाई प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सो नगरपालिका वडा नं. ५ कुशाहा टोल निवासी २७ वर्षिय उमेश चौधरी छन्।

ईलाका प्रहरी कार्यालय कडोरबानाबाट खटिएको प्रहरी टोलिले कुशाहा टोल सडकखण्डमा शंका लागि शरीर खानतलासी गर्दा उनले लगाएको जिन्स पेन्टको खल्तीमा ०.३५ एमजि ब्राउन सुगर बरामद गरेको हो।

चौधरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## ट्याक्टर पल्टिदा काकाभतिजाको मृत्यु

**सिरहा**/सिरहामा ट्याक्टर पल्टिदा काका-भतिजाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन।

सिराहाको औरही गाउपालिका २ तुलसीपुरमा ट्याक्टर पल्टिँदा स्थानीय ४० वर्षीय सुरेन्द्र यादव र उनकै भतिजा ७ वर्षीय चन्दन यादवको मृत्यु भएको हो। दुर्घटनामा ट्याक्टरमै सवार रञ्जन यादव घाइते भएको प्रहरीले जनाएको छ।

खेत जोतेर फर्किने क्रममा गागन नदीको तटबन्धबाट स.१त.७४५८ नम्बरको ट्याक्टर पल्टिँदा काका-भतिजाको मृत्यु भएको हो।

ट्याक्टरको ईन्जिनमा च्याम्पिएर उनी दुवै जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

**जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्दार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।**

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैंक,पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१०००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भ्रष्टाचार बिरुद्ध जनता जागरुक हुनु आवश्यक

अहिले भ्रष्टाचारले व्यक्ति, समाज र राष्ट्रलाई प्रभाव पारिरहेको छ। भ्रष्टाचार अहिले सबै क्षेत्रमा फस्टाउँदै गएको छ। आफुलाई फाइदा पुऱ्याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने कालो नियतले प्रेरित भई एउटै नीतको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत भ्रष्टाचार भनिन्छ। यसबाट साविकको नियमावली मुताविक उत्तीर्ण नहुने व्यक्तिहरु पछिल्लो नियमावलीले सजिलै उत्तीर्ण भए। यो राज्यकै तर्फबाट भएको नीतिगत भ्रष्टाचारको नमुना हो।

नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा आयुक्ति नहोला। फरक कति छ भने कसैले व्यक्तिगत फाइदाका लागि गर्छ, कसैले दबाबका कारण गर्छ। भ्रष्टाचारले दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ। पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो।

तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तीनै तहका सरकार र जनता जागरुक हुनु आवश्यक छ।

# महिनावारी विभेदः महिलाहरुमाथि हुने एक प्रकारको हिंसा

**डा राधा पौडेल**

**"सन् २०१९ बाट महिनावारी दिवस मनाउन थालिएको हो। राधा पौडेललेको नेतृत्वमा नेपालमा यो दिवस मनाउन सुरु गरिएको हो। दक्षिण गोलाद्धिर्य मर्यादित महिनावारी सञ्जाल नामक संस्थाको माध्यबाट यो दिवस मनाउन थालिएको थियो।"**

महिनावारीका कारण हुने विभेद संसारभरि नै छ। यद्यपि कतै देखिने गरी नै महिनावारी विभेद छ भने कतै नदेखिने गरी। यो आफैंमा यौनिक तथा लैंगिक हिंसा हो। यो मानव अधिकारको हनन् पनि हो। महिनावारी विभेदले सानै उमेरदेखि नै असमान शक्ति वितरण तथा पितृसत्तालाई सबलीकरण गर्ने काम गर्छ। यसले कुनै समुदायको हकमा भन्ने हो भने त जीवन पर्यन्त नै असर गरिरहेको हुन्छ। यस प्रकारको विभेदले संवैधानिक रुपमा महिलाहरुलाई प्रदान गरिएका करिब १ दर्जन भन्दा बढी अधिकारको हनन् भएको हुन्छ।

महिनावारी विभेद महिलाहरुमाथि हुने एक प्रकारको हिंसा भएका कारण महिला हिंसाविरुद्दको १६ दिने अभियानमा महिनावारी विभेदलाई समेत समावेश गरिएको छ। यस अवसरमा महिनावारीसँग जोडिएका सोच, धारणा तथा विश्वासलाई विश्लेषण तथा सम्बोधन गर्न आवश्यक छ।

सम्बोधन गरिएका अवस्थामा पनि महिनावारीलाई यस समयमा प्रयोग हुने सामग्रीसँग मात्रै जोडिएको अवस्था छ। महिलाहरुलाई वितरण गरिएका सामग्रीहरु मर्यादित महिनावारी सामग्री हुन् की होइनन् भन्नेमा कुनै खोज भएको देखिदैंन। महिनावारीसँग जोडिएका कतिपय विषयहरु भौतिक संरचनासँग मात्रै जोडिएको अवस्था छ। यसमा पानी, शौचालय तथा प्रयोग गरिएका सामग्री व्यवस्थापन जस्ता कुराहरु रहेका छन्।

सामग्री तथा गरिबीसँग जोडिएका कुराहरुले मात्रै जीवन पर्यन्तसँग जोडिएका कुराहरुको सम्बोधन भएको छैन भन्ने मलाई लाग्छ। महिनावारी विभेद आफैंमा लैगिंक हिंसा हो, यसले हिंसा प्रति हिंसा समेत ल्याउने गर्छ। यो अन्य प्रकारका हिंसाहरुको कारण र प्रभाव पनि हो। उदाहरणका लागि भनौं घरका छोरीहरुले करिब ५ -६ वर्षको उमेरदेखि नै आफू छोरी भएका कारण आफ्नो भूमिका भिन्नै भएको महसुस गर्न सक्छन्। पितृसत्ताको जग नै महिनावारी विभेदका कारण सुरु हुने गर्छ।

पछिल्लो समय नेपालको जनसंख्या हेर्ने हो भने १४ वर्षसम्म उमेर समुहका छोरीहरुको संख्या एकदमै घटेर गएको छ। गरिबी तथा लिंग पहिचान गरी बच्चा जन्माउने परिपाटीका कारण पछिल्लो समय छोरीहरुको जनसंख्यामा कमी आएको विभिन्न प्रकारका अनुसन्धानहरुले देखाएको छ।

जलवायु परिवर्तनले पनि महिनावारी विभेदलाई असर गरिरहेको हुन्छ। महिनावारी स्वास्थ्य मात्र विषय होइन। यो अन्य मौलिक हकका विषयसँग पनि जोडिएको छ। महिनावारी विभेदलाई धर्म र संस्कारसँग जोडेर हाउगुजी बनाइएको छ। त्यसलाई चिरफार गर्न आवश्यक छ। हामी दिनहुँ बलात्कार बढिरहेको छ भन्छौं, तर किन बलात्कार बढिरहेको छ भन्ने विषयमा हामीले बहस नै चलाएका छैनौं। दिनप्रतिदिन बढ्दो अवस्थामा रहेको बलात्कारलाई घटाउनका लागि मर्यादित महिनावारीबारेको बहस चलाउन आवश्यक देखिएको छ।

जबसम्म महिनावारी विभेदका चक्र मानव अधिकारको विषयका रुपमा सम्बोधन हुँदैंनन् तबसम्म कुनै पनि प्रकारको हिंसा न्यूनीकरण गर्न सकिदैंन। ७६ वर्षको मानव अधिकारको विषयमा मर्यादित महिनावारीका विषय मानव अधिकार, लैंगिक अधिकार तथा नारीवादको नयाँ दुष्टिकोणले बहुआयामिक तथा नयाँ सिद्वान्त हो।

**किन मनाइन्छ महिनावारी दिवस**

सन् २०१९ बाट महिनावारी दिवस मनाउन थालिएको हो। राधा पौडेललेको नेतृत्वमा नेपालमा यो दिवस मनाउन सुरु गरिएको हो। दक्षिण गोलाद्विर्य मर्यादित महिनावारी सञ्जाल नामक संस्थाको माध्यबाट यो दिवस मनाउन थालिएको थियो। यससँगै यस संस्थासँग जोडिएका देशहरु श्रीलङका, पाकिस्तान, युगान्डा, इन्डोनेशिया,अमेरिका लगायतका देशहरुका यस सञ्जालमा रहेका साथीहरुसहित माइती घर मण्डलाबाट बेलुन उडाएर यस दिवस मनाउन सुरु गरिएको हो।

महिनावारी विभेदलाई मानव अधिकारका विषयसँग जोडेर हेरिनुपर्छ भन्दै हामीले यो दिवस मनाउन सुरु गरेका हौं। डिसेम्बर ८ कै दिन महिला मन्त्रालयद्वारा काठमाडौंको सिटी हलमा आयोजित एक कार्यक्रमले यस विषयलाई अनुमोदन गरेको थियो। जुन भिडियो यूटुबमा पनि राखिएको थियो। तत्कालीन मन्त्री पार्वत गुरुङले संयुक्त राष्ट्रसंघअन्तर्गत १६ दिने महिला हिंसासम्बन्धी अभियानको १४ दिनलाई मर्यादित महिनावारी दिवसको दिन बनाउनका लागि प्रस्ताव गरिने बताउनुभएको थियो।

**यौन हिंसा तथा बाल विवाह न्यूनीकरण गर्नका लागि मर्यादित महिनावारी**

यस वर्ष यौन हिंसा तथा बाल विवाह न्यूनीकरण गर्नका लागि मर्यादित महिनावारी भन्ने नारासहित यो दिवस मनाइँदै छ। म आफैं पनि महिनावारी विभेदका कारण आत्महत्याको सोचसमेत आएको व्यक्ति हुँ। म आफै पिडित भएका कारण यस प्रकारको अभियानको सुरुवात आफैंले गर्नुपर्छ भन्ने लागी मैले यसको नेतृत्व गरेकी हुँ।

छोरीहरु ६ देखि ९ वर्षको हुँदा घरबाट नै असमान शक्तिको निर्माण हुने भएकोले यस वर्षको नारा यौन हिंसा तथा बाल विवाहलाई जोडेर राखिएको हो। बाल विवाहसम्बन्धी कानुन विश्वमा आएको ९४ वर्ष मात्रै भएको छ। यस अवधिमा महिनावारी विभेदका कारण बाल विवाहको अवधारणा आएको भन्ने महसुस कसैबाट पनि हुन नसकेको अवस्था छ। घर तथा विद्यालयलाई मर्यादित महिनावारी मैत्री बनाउनुपर्छ भन्ने बहस छुटेको अवस्था छ। अझै पनि प्याड बाँडेर बाल विवाह घट्छ भन्ने अवधारणा रहेको छ।महिनावारी भएका बेला यसलाई व्यवस्थापन गर्ने नाममा छात्राहरुको महिनामा ५ दिन सिकाईको प्रक्रिया छुट्ने या सुस्त हुने गर्छ। (लेखक साहित्यकार तथा सामाजिक अभियन्ता हुन्।) स्वास्थ्य खबरबाट


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी

# लैङ्गिक हिंसा र मधेसको अवस्था



हरि गौतम

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान जारी छ। नेपालले आगामी सन् २०३० भित्रमा महिला तथा किशोरीहरूलाई सशक्त बनाउन र लैङ्गिक समानता हासिल गर्ने दिगो विकासको लक्ष्य लिएको परिप्रेक्ष्यको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानले विशेष महत्त्व राख्छ। भर्खरै नेपालले समलिङ्गी विवाहलाई मान्यता दिएबाट यस अभियानमा महत्त्वपूर्ण उपलब्धि भएको छ।

अब मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था कस्तो छ र नेपालले लिएको लक्ष्य पूरा गर्न कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ बुझ्न जरुरी छ। मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था भयावह छ। असुरक्षित नाबालिकाहरू, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, बोक्सी प्रथा, शिक्षामा छोराछोरीबीच विभेद, "आफ्नी छोरी छोरी, अर्काकी छोरी बकरी" भन्ने सामाजिक प्रवृत्तिले गर्दा मधेसमा लैङ्गिक हिंसाले डरलाग्दो स्वरूप धारण गरेको छ।

यो प्रदेशमा सहज बाटोघाटो, उब्जाउ भूमि, स्कुल, स्वास्थ्य चौकीको उपलब्धता भए पनि मधेस प्रदेशमा सामाजिक विकासको अवस्था अत्यन्त दयनीय छ। त्यस्मा पनि सीमान्तकृत वर्ग, दलित वर्ग, बालिका, महिला वर्ग आदिको अवस्था अझ दयनीय छ। कतिसम्म भने यहाँको सीमान्तकृत वर्गमा आमाको गर्भमा नै रहँदा छोरीको विवाह टुङ्गो गरिदिने र १०-११ वर्षभित्रमा विवाह गरिसक्ने प्रथाले त्यस्ता बालिकाले विवाह के हो ? परिवार के हो ? लैङ्गिक हिंसा के हो ? शिक्षा, स्वास्थ्य र मानव अधिकार के हो ? सम्पत्तिमाथिको महिलाको हक के हो ? शिक्षाको अधिकार आदि कुनै पनि कुरा बुझ्ने हुँदैन र विस्तारै लैङ्गिक हिंसाको चपेटामा पर्दछन्। नाबालिकामाथि यौन हिंसा मधेसमा जटिल समस्याका रूपमा रहेको छ। घरमा आफन्त नातेदार, टाढाका नातेदार, चिनजानका व्यक्ति, छिमेकी, शिक्षक आदिबाट नाबालिकाहरू हिंसामा पर्छन्। अधिकांश यस्ता घटना गाउँमा नै दबाइन्छन्। प्रहरीकोमा उजुरी पर्दैन। राज्यसँग त्यसको तथ्याङ्क छैन।

मधेसको सबैभन्दा ठूलो रोग भनेको बालविवाह हो। छोरीलाई सानैमा विवाह गरिदिए आफ्नो भार कम हुने सोचाइ माइती पक्षको हुने गर्छ। उमेर बढी भए र बढी पढाए बढी दहेज दिनुपर्ने डरले जति सक्दो सानै उमेरमा छोरीलाई विवाह गरी पठाइने प्रचलन मधेसमा छ। फलतः एउटा केटीले आफू शिक्षित हुने, वयस्क हुने र बच्चा पाउन सक्षम हुने अवसर नै पाउँदैनन्। यहींबाट लैङ्गिक हिंसा सुरु हुन्छ र यो जीवनभर चलिरहन्छ। दोस्रो दहेज प्रथाले मधेसमा गहिरो जरो गाडेको छ। समाजमा बढ्दो आडम्बर, देखासिकीले गर्दा यो प्रथा अझ भयावह भइरहेको छ। दहेज बढी दिन सके राम्रो केटो पाउने दिन नसके केटी जति नै सक्षम वा असल भए पनि आफू सहरको केटा नपाउने समस्या मधेसमा छ। यति मात्र होइन, विवाह गरेर पतिको घर गइसकेपछि पनि दहेजका लागि केटीलाई दबाब दिने, सासु, ससुरा, नन्द, आमाजु, पति, देवर सबै परिवार भएर अनावश्यक टर्चर दिने, हिंसात्मक गतिविधि गर्ने, घरबाट निकाल्ने, जबरजस्ती माइती पठाउने आदि कुरा समान्य जस्तै लाग्छन् मधेसमा। यसले गर्दा लैङ्गिक हिंसा विकराल रूप लिएको छ। मधेसमा दहेज प्रथा महिलाको विकासका लागि सबैभन्दा ठूलो बाधकका रूपमा रहेको छ। छोरीलाई उमेर पुऱ्याएर उच्च शिक्षा दिलाएर र सक्षम गराएर विवाह गर्ने हो भने दहेज बढी दिनु पर्छ। फलतः यसले छोरीले जीवनभर दुःख पाउने, लैङ्गिक हिंसामा पर्नुपर्ने हुन्छ। हुन त नेपाली महिलालाई कानुन र नीतिमा हक अधिकार दिइएको छ। वर्तमान देवानी संहिताले अविवाहित वा विवाहित छोरीलाई सधैँ अंशको हक रहने कानुनी प्रावधान पनि गरेको छ तर यसको सशक्तीकरण अपर्याप्त रहेको छ र व्यावहारिक रूपमा लागु भएको छैन। समाजमा महिलाहरू भोग्याको साधन छन् र यिनीहरूमाथि हिंसा गर्नु कुनै अपराध होइन भन्ने मानसिकताले पनि लैङ्गिक हिंसा बढाएको छ।

तेस्रो, मधेस प्रदेशमा बोक्सी प्रथाको माध्यमबाट कठोर लैङ्गिक हिंसा भइरहेको छ। समाजका कमजोर तप्काका महिला जस्तैः विधवा, वृद्ध, अशक्त, सहाराविहीन, वर्गलाई त्यहाँको समाजले बोक्सीको आरोप लगाई

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय कठौना, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्याास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिवृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड बितरण




**राजविराज**/लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत १४ औं दिन तथा पाँचौ अन्तराष्ट्रिय महिला महिनावारी दिवसको अवसर पारेर शुक्रबार राजविराज कारागारमा बन्दी जिवन बिताइरहेका महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड बितरण गरेको छ।

लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सप्तरीको अगुवाई तथा अधिकार, न्याय र सामाजिक क्षेत्रमा आबद्ध बिभिन्न संघ संस्थाको सहयोगमा महिला कैदीबन्दीलाई सेनेटरी प्याड वितरण गरिएको छ।

कारागारमा हाल २३ जना महिला कैदीबन्दी छन्। विभिन्न मुदामा सजाय भोग्दै आएका महिला कैदीबन्दीहरुलाई एक कार्यक्रमको आयोजना गरि महिनावारी भएको बेला गरिने सरसफाईबारे सचेतनासँगै सेनेटरी प्याड वितरण गरिएको कार्यक्रमका सहयोगी संस्था मध्येका एक महिला सचेतना समाज सप्तरीकी अध्यक्ष सुनिता साहले बताईन।

महिनावारीको समयमा आउने समस्या र सो समयमा आवश्यक्ता अनुसार गरिने सरसफाईबारे सचेतना बाङ्नुका साथै उनीहरुको समस्या बारे समेत जानकारी लिने काम भएको उनले जानकारी दिएकी छिन्। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत भईरहेको बिभिन्न कार्यक्रमका लागी सामुदायीक सेवा केन्द्र, महिला सुरक्षा समूह, नारी उत्थान, पारालिगल, आसमान नेपाल, ओसीएमसी लगायतका संघ संस्थाले पनि सहयोग गरिरहेको मूल आयोजक लैङ्गिक हिंसा नियन्त्रण संञ्जाल सप्तरीले जनाएको छ।

राजबिराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको प्रमुख अतिथ्य तथा चेतना समाजका अध्यक्ष सुनिता साहको अध्यक्षतामा आयोजित सचेतना तथा सेनेटरी प्याड वितरण कार्यक्रममा सामुदायिक सेवा केन्द्रका धीरेन्द्र दास, महिला सुरक्षा समुहका ललित कर्ण, पारालिगलका ज्ञानु भट्टराई, आसमान नेपालका शान्ता सिंह, ओसीएमसीका मनिषा सिमखडा लगायतले महिनावारीका वेला अपनाउनु पर्ने आवश्यक सर्तकता र सरसफाई बारे महिला कैदीबन्दीहरुलाई शिक्षा दिएका थिए।

१६ दिने अभियान अन्तर्गत अहिले जिल्लामा लैङ्गिक हिंसा न्यूनिकरण, महिला सशक्तीकरण र सचेतना सम्बन्धि विशेष कार्यक्रमहरु संचालनमा रहेको लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सप्तरीले जनाएको छ।

# बीस छात्रछात्रालाई कम्बल प्रदान

**राजविराज**/३२ औं अर्न्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा समावेशी अपाङ्गता संघ, बौद्धिक अपाङ्गता अभिभावक संघ तथा बौद्धिक अपाङ्गता संघ सप्तरीले संयुक्तरुपमा कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रममा बौद्धिक अपाङ्गता भएका विपन्न र गरिब समुदायका २० जना छात्र- छात्राहरुलाई कम्बल वितरण गरिएको छ। कम्बल पाउनेहरुमा सबै राजविराज ६ स्थित बहिरा बालक स्कुलका छात्र-छात्राहरु हुन्।

समावेशी अपाङ्गता संघ सप्तरीका अध्यक्ष सतिष चन्द्र झाका अनुसार राजविराज नगपालिकाको सहयोगमा बौद्धिक अपाङ्गता भएका विपन्न समुदायका छात्र छात्राहरुलाई कम्बल सँगै शारिरीक अशक्त भई कष्टकर जीवन बिताउन बाध्य भएका २ जनालाई ह्विल चेयर र बाल्टीन समेत प्रदान गरीएको छ।

सोही कार्यक्रममा बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदिश प्रसाद अर्यालले ६५ जना ४० वर्ष मुनीका बौद्धिक अपाङगता रहेको जानकारी दिदै जिल्लामा २ सय १२ जना बौद्धिक अपाङगता भएका व्यक्तिहरु रहेका उल्लेख गरे।

उनले बौद्धिक अपाङ्गता भएका व्यक्ती मध्ये गरिब र विपन्न समुदायको छनौट गरी आउदो दिनमा समेत उनीहरुलाई पनि विभिन्न खाले सहयोग जुटाउने तयारी भईरहेको बताए।

अशक्तहरुको जीवन सहज होस भन्ने उद्देश्यले उक्त सहयोग गरीएको कार्यक्रमको प्रमुख अतिथी समेत रहेकी राजविराज नगरपालिकाका समाजीक विकाश शाखा अधिकृत अनिता चौधरीले बताईन।

शारिरीक रुपमा अशक्त तथा चिसोबाट बढी प्रभावित गरिब, विपन्न, असहाय परिवारको सुची तयार पारी आवश्यक्ता अनुसार ह्विल चेयर, अन्य उपकरण तथा न्यानो कपडा वितरण गर्ने योजना बनाइएको बौद्धिक अपाङ्गता संघ सप्तरीका अध्यक्ष शम्भु चौरसीयाले बताए।

आयोजक संस्थाका प्रतिनिधी नरेश चौधरीद्वारा संचालित कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी, बैद्यनाथ झा, नेपाल प्रत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी, बौद्धिक अपाङ्गता संघका उपाध्यक्ष महेश कुमार ठाकुरले पनि शुभकामना दिदै शारिरीक रुपमा अशक्त भएका नागरिकहरुलाई कुनै भेदभाव नगरी घर परिवार, समाज र राष्ट्रले उचित सम्मान दिनु पर्नेमा जोड दिएका थिए।

## *लैङ्गिक हिंसा र...*

दिसापिसाब खुवाउने, अमानवीय तवरले कुटपिट गर्ने, कपाल मुण्डन गर्ने, भुल्याउने, गाउँ निकाला गर्ने, समाज बहिष्कार गरी अनेकौं कष्ट दिने र विचरा बेसहारा ती महिलाको पक्षमा कोही पनि सहारा नहुने र कानुनको दृष्टि पनि तत्काल नपर्ने भएकाले मधेसमा लैङ्गिक हिंसा बढी छ।

मधेसमा युवामा बढ्दो मादक पदार्थको सेवन, बढ्दो नशालु पदार्थको प्रयोगले पनि लैङ्गिक हिंसा बढाएको छ। ग्रामीण समाजका केही युवा साँझदेखि मादक पदार्थ सेवन गरी घर जाने र आफ्नो पुरुषार्थ देखाउन श्रीमतीलाई गाली गलौज, कुटपिट गर्ने र त्यसमा घरका अन्य सदस्यले पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्ने कार्यले पनि मधेस लैङ्गिक हिंसापीडित छ। हाल बढ्दो वैदेशिक रोजगारीको कारणबाट पनि लैङ्गिक हिंसा बढ्दो छ। घरका पुरुष रोजगारीका सिलसिलामा विदेश गएपछि एक्लै बस्न महिलाहरूलाई अत्यन्त कठिन छ। पुनः यसरी एक्लै बसेकी महिला आफ्नो पैतृक घर छोडी बच्चाको शिक्षादीक्षाका लागि सहर आएर बस्दा त उनीप्रति समाजले हेर्ने दृष्टिकोण र उनले लैङ्गिक हिंसाबाट बच्न गर्नुपर्ने सङ्घर्ष बडो गाह्रो छ। फलतः पछि विदेशबाट पति फर्किएर आएपछि पनि उनको पारिवारिक जीवन सुखद नहुन सक्ने र उनी सधैं हिंसाको सिकार हुनुपर्ने अवस्था पनि देखिन थालेको छ।

लैङ्गिक हिंसा केवल शारीरिक शोषण वा हिंसा मात्र होइन, एक महिलालाई सानै उमेरमा विवाह गरिदिनु, विवाहपछि उनको अवस्था बारे ध्यान नदिनु, उचित शिक्षादीक्षा नदिनु, सक्षम नागरिक बनाउन कोसिस नगर्नु, सानैमा बच्चा जन्माउन बाध्य गर्नु र उनको क्षमताभन्दा बढी काम लगाउनु, राम्ररी खान लगाउन नदिनु आदि सबै विषय लैङ्गिक हिंसाभित्र पर्दछन्। मधेस प्रदेशमा यस्ता कुरा व्याप्त छन्। मधेसमा आधाभन्दा बढी महिला आफ्नै पति वा पार्टनरबाट शारीरिक, यौनजन्य तथा मानसिक हिंसाको सिकार बनिरहेका छन्।

एउटा चित्रण गर्दछु। मधेसमा एक परिवार छ मध्यम स्तरको, घरमा छोराको विवाह गर्नु छ। छोराले राम्ररी पढेन, कुनै पनि सीप पनि सिकेन, अब विवाह गर्ने बेलामा लमीले केटी पक्षलाई वर्णन गर्छ। बडो राम्रो केटो छ। जग्गाजमिन धेरै छ। काम पनि गर्दछ। सज्जन छ आदि आदि। वास्तविकताभन्दा धेरै बढी बढाएर। किनकि लमीलाई केटी पक्षबाट बढी दहेज दिलाउनु छ। कुरा अघि बढ्छ, विवाह हुन्छ। केटी घर आउँछिन्। ठूलो परिवारका सदस्यको भान्सा पार लगाउनु उनका लागि कठिन हुन्छ। कसैले पनि सघाउँदैनन्। बुझ्दै जान्छिन्। केटो भने जस्तो सज्जन छैन। नोकरी वा इलम पनि केही छैन। बेलुका मादक पदार्थ सेवन गरेर घर आउँछ। १०-१५ दिन त केही बोल्दिनन्। तर विस्तारै नोकरी खै त मेरो खर्चका लागि अलि पैसा चाहियो भन्न थाल्छिन्। अब केटोको पुरुषत्व उग्र हुन्छ। तँलाई मेरो कामको के मतलब भनी कुट्न थाल्छ। पैसा चाहिए तेरो माइतबाट लिएर आइज, मलाई व्यवसाय गर्न तेरो माइतबाट पैसा मगाएर ल्याइदे भन्न थाल्छ र भोलिदेखि रातमा अझ ढिलो आउन थाल्छ। विवाह भएको छ। केही समयमा बच्चा त हुने नै भयो। अब यी चेलीमाथि लैङ्गिक हिंसा भयो कि भएन ? छलफलको विषय हुन् पर्छ। गौतम वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हुन्। रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# घुस बिना सेवाग्राहीहरुको कुनै काम नहुने भन्दै मालपोत कार्यालयबिरुद्ध अख्तियारमा उजुरी

**राजविराज**/घुस बिना सेवाग्राहीहरुको कुनै काम नहुने भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भूमिसुधार तथा मालापोत कार्यालय राजविराज बिरुद्ध उजुरी परेको छ ।

सचेत नागरिकको नामबाट परेको सो उजुरीमा घुस नदिँदा समान्य कामका लागि ३/४ दिन झुलाउने गरेको, घुस दिँदा आजको आजै काम गर्ने गरेको, घुस नदिँदा विवरण समेत गलत पार्ने गरेको, एउटा फाँटमा घुस दिएर काम गराउदा पनि अर्को फाँटबालाले लालपूर्जा दिन अनाकानी गर्दै हप्ता दिन समय लगाउने गरेको उल्लेख छ ।




आयोगले उजुरीमा उल्लेखित विषयहरुमा १५ दिनभित्र छानविन गरी राय प्रतिक्रियासहितको प्रतिवेदन पेस गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई पत्राचार गरेको छ । सोही अनुसार विभागले मालपोत कार्यालयमा पत्राचार गरेको छ । पत्राचार गरिएको पत्रमा गलत कामकारबाहीहरु हुन नदिन कार्यालय प्रमुखलाई निर्देशन दिदै कहिकत्तै भए गरेको पाइएमा अविलम्ब कारबाही अगाडी बनाउनु उल्लेख छ ।

कार्यालय प्रमुख शिवशरण पण्डितले सो पत्रमा उल्लेखित विषयहरुमा आवश्यक प्रक्रिया अघि बढाएको जानकारी दिँदै पत्रमा उल्लेखितअनुसार सम्बन्धित फाँटसँग पनि जवाफ मागेका छन् । उजुरीपछि कर्मचारीमाथि छानबिन समेत सुरु भएको छ ।

यसअघि सप्तरीको महादेवा गाउँपालिका वडा नं. ४ निवासी योगेन्द्र प्रसाद साहले मंसिर १० गते बुबा, आमाको नाममा दर्ता रहेको जग्गा नियमअनुसार सबै प्रक्रिया पुऱ्याएर आफ्नो नाममा जग्गा नामसारी गराउन खोज्दा लेखापढी व्यवसायी र मालपोतका केही कर्मचारीका कारण निकै समस्या भोग्नु परेको भन्दै बाध्य भई लेखापढी समितिबाट रु. ५ हजारको नगद रसिद काटेका थिए ।

आफ्नो पीडालाई बोध गर्दै पीडित साहले लेखापढी समिति र कार्यालयका कर्मचारी बिरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदन समेत दर्ता गराए । दर्ता गरिएको निवेदनमा जग्गा नामसारीको लागि अनलाइन फाराम समेत भरी भुमिसुधार तथा मालपोत कार्यालय राजविराज सप्तरीमा कार्यरत खरिदार महेश यादवलाई बुझाएकोमा उनले फायल हेरी लोखापढी संघको नगदी रसिद काट्न लगाएको तथा उक्त रकम के को लागि सोध्दा फायल फ्याली हप्काएपछि बाध्य भई आफूले ५ हजारको नगद रसिद काटेकोले लेखापढी समितिका पदाधिकारी र मालपोतका कर्मचारीलाई कारवाही गरि रकम फिर्ता गर्न माग समेत गरेका थिए ।

सेवाग्राहीले आफै काम गराउन खोज्दा लेखापढी ब्यवसायी र केही कर्मचारीको दबदबाका कारण नियमसम्वत हुनु पर्ने काम पनि एक दुई दिनमा हुने काम महिनोसम्म लम्बिने गरेको सेवाग्राहीको गुनासो छ ।

नेपाल सरकारले २०७८ साल मंसिर १५ गतेदेखी भू-सेवा (कम्प्युटर प्रणाली) केन्द्रबाट मालपोत कार्यालयको सम्पूर्ण काम गराउने व्यवस्था मिलाएको छ र सोही अनुसार मालपोत कार्यालय सप्तरीमा पनि २०८० साल साउन महिनादेखी सम्पूर्ण सेवा भु-सेवा मार्फत नै हुने गरेको छ ।

यद्दपी कुनै कागजातमा लेखापढीको हस्ताक्षर गर्नुपर्ने आवश्यकता नभएपनि उनीहरुले जबरजस्ती सेवाग्राहीलाई झुक्याई, निवेदन लेखी आफ्नो समितिमा मनोमानी तरीकाबाट जग्गा खरीद बिक्रि, रजिष्ट्रेशन, दाखा र नामसारी, जग्गा रोक्का लगायतका कार्यका लागि प्रत्येक सेवाग्राहीबाट रु. ३ हजार देखी रु. ५ हजारसम्मको रसिद काट्न लगाई पुनः सोही निवेदनमा सेवाग्राहीबाट थप ५ सय रुँपैया तिराई भु-सेवामार्फत काम गराउने गरेका छन् ।

यसैबीच कार्यालय प्रमुख शिवशरण पण्डितको गत कार्तिक १५ गते नै जिल्ला प्रशासन कार्यालय, रौतहट पदस्थापन भइसकेको छ । ‘मन्त्रालयको मिति ०८० कार्तिक १५ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा १५९१० बमोजिम तपाईलाई देहाय अनुसार पदस्थापन गरिएको’, गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखाले सोही मितिमा ४-३७१ चलानी नम्वर उल्लेख गरी पत्र पठाएको छ । तर, एक महिना भन्दा बढी समय भइसक्दा पनि कार्यालय प्रमुख पण्डितले रमाना लिन मानेका छैनन् ।

## दुई असशक्त अपाङलाई क्लबद्वारा सहयोग

**राजविराज**/३२ औं अन्तरीष्ट्रिय अपाङगता दिवसको अवसर पारेर धर्मी हल्फा महिला विकास क्लबले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गरेको छ ।

संस्थाका अध्यक्ष एवं समाजसेवी ई सूर्यनारायण यादवले ती अपाङ्गता भएका व्यक्तिहरुको घरमै पुगेर सहयोग गरेका हुन् ।

राजविराज ९ मलेठमा पुगेर दुई जना असशक्त अपाङलाई न्यानो लुगा, भाडाकुडा, तन्ना, झुल, म्याट्रेस लगायतका सामाग्रीहरू प्रदान गरिएको सो संस्थाले जनाएको छ ।

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगय्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## अन्तर्राष्ट्रिय समाचार

### गाजा युद्धमा अमेरिकाको भिटोपछि इरानले दियो ‘विस्फोट’ को चेतावनी

**तेहरान**/अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले शनिबार मध्यपूर्वमा अवस्थाको ‘नियन्त्रण गर्न नसकिने विस्फोट’ हुने खतराको चेतावनी दिएको छ ।

इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर-अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गर्नुभयो ।

इजराइली अधिकारीहरूका अनुसार इरान समर्थित इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७मा दक्षिणी इजराइलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने हमासले करिब दुई सय ४० जनालाई बन्धक बनाएको छ ।

इजराइलले जवाफमा हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला सुरु गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजराइल अमेरिकाको मुख्य सहयोगी मुलुक हो ।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले शुक्रबार भिटो लगाएको थियो । उक्त प्रस्तावले हमासलाई अक्टोबर ७ मा गरेको हमलालाई दोहोर्‍याउन सक्षम बनाउने भन्दै भिटो लगाउनुपरेको अमेरिकाले बताएको छ ।

इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर-अब्दुल्लाहियानले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भन्नुभयो, “जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ ।”

इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसङ्घ बडापत्रको धारा ९९ लाई ‘अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम’ का रूपमा प्रयोग गर्ने राष्ट्रसङ्घीय महासचिवको प्रशंसा गर्नुभयो ।

एक साताको युद्धविरामपछि डिसेम्बर १ देखि इजराइल र हमासबीच पुनः युद्ध सुरु भएको छ । इजराइलका अनुसार हमासले युद्धविरामको उल्लङ्घन गरेको छ । विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले महासचिव गुटेरेससँग भन्नुभयो, “हमासले युद्धविरामको उल्लङ्घन गरेको इजराइलको दाबी सम्पूर्णरूपमा गलत हो ।” उहाँले इजराइलका लागि अमेरिकी समर्थनले स्थायी युद्धविराम हासिल गर्न कठिन बनाएको बताउनुभयो । एजेन्सी

### इराकको एक भवनमा आगलागी हुँदा १४ को मृत्यु

**बगदाद**/इराकको अर्ध-स्वायत्त कुर्दिस्तान क्षेत्रमा एर्बिल प्रान्तको सोरान सहरस्थित एक आवासीय भवनमा शुक्रबार राति आगलागी हुँदा १४ जनाको मृत्यु र १८ जना घाइते भएका छन् ।

सोरान स्वास्थ्य विभागले विज्ञप्तिमा भनेको छ, “सबैभन्दा पहिला भवनको तेस्रो र चौथो तलामा आगो लागेको थियो, ती तलामा विश्वविद्यालयका छात्र र शिक्षक बस्छन् । त्यसपछि आगो सम्पूर्ण पाँच तले भवनमा फैलियो ।”

प्रारम्भिक अनुसन्धानबाट विद्युतीय सर्ट हुँदा आगो लागेको अनुमान गरिएको विज्ञप्तिमा उल्लेख छ । सिभिल डिफेन्स टिम र दमकलहरूले आगो निभाएका छन् । एजेन्सी

### एडिबीद्वारा बङ्गलादेशलाई जलवायु प्राथमिकताको सहयोगका लागि ऋृण स्वीकृत

**ढाका**/एसियाली विकास बैंक (एडिबी) ले उसको राष्ट्रिय अनुकूल योजना (२०२३-२०५०) तथा पेरिस सम्झौतामा राष्ट्रियरूपमा निर्धारित योगदानको २०२१ अद्यावधिकलाई लागु गर्न बङ्गलादेशलाई ४० करोड अमेरिकी डलर ऋृण सहयोग स्वीकृत गरेको छ ।

शुक्रबार स्वीकृत गरिएको नीतिमा आधारित उक्त ऋृण सहयोग जलवायु केन्द्रित समावेशी विकास हासिल गर्न पेरिस सम्झौतामा राष्ट्रियरूपमा निर्धारित योगदान हो ।

उक्त ऋृण साङ्केतिक ७० करोड अमेरिकी डलरको जलवायु उत्थान तथा समावेशी विकास कार्यक्रमको पहिलो हिस्सा हो । यसले बङ्गलादेशलाई उसको जलवायु क्षेत्रलाई संरक्षण गरी कार्बन तथा हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याई मूलधारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा मद्दत गर्ने लक्ष्य लिएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

“जलवायुको झट्काले बङ्गलादेशको विकास र गरिबी उन्मूलनलाई गम्भीररूपमा अवरोध पुर्‍याइरहेको छ, जलवायु कार्यका लागि वित्तीय व्यवस्थाको धेरै आवश्यकता छ, बङ्गलादेश यो चुनौतीको सामना गर्नका लागि दृढ प्रतिबद्ध छ र एडिबी यो क्षेत्रको जलवायु बैंकका रूपमा बङ्गलादेशलाई उसको प्रयासहरूमा सहयोग गर्न तयार छ”, एडिबीको सार्वजनिक व्यवस्थापनका प्रमुख अर्थशास्त्री अमिनुर रहमानले भन्नुभयो ।

एडिबीले जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूबाट बङ्गलादेश विश्वको सबैभन्दा जोखिममा परेको मुलुक भएको र वार्षिक औसतमा तीन अर्ब डलरको नोक्सानी हुने गरेको बताएको छ । एजेन्सी

# राजविराज न्यायिक समितिद्वारा एक सय १७ मुद्दा फछ्र्यौट




**राजविराज**/राजविराज नगरपालिकाको न्यायिक समितिले आ.ब. २०७९/८० मा १ सय १७ वटा मुद्दा फछ्र्यौट गरेको छ।

कार्यवाहक नगरप्रमुखको जिम्मेवारी समेत बहन गर्दै आएकी उपप्रमुख इसरत परवीनको नेतृत्वको न्यायिक समितिले आर्थिक वर्ष २०७९/८० मा परेको तथा जिम्मेवारी सरेर आएको मुद्दा मध्ये १ सय १७ मुद्दाको टुंगो लगाएको हो।

समितीमा परेको अधिकाँश मुद्दा स्थलगत रुपमा गएर तथा पक्ष विपक्षलाइ कार्यालयमा बोलाएर पनि छलफलको माध्यमबाट छिनोफानो गरिएको कार्यवाहक नगरप्रमुख एवं न्यायिक समितीका संयोजक परवीनको भनाई छ।

फछ्र्यौट गरिएका मध्ये सर्वाधिक जग्गा किचलो तथा घरेलु हिंसाको रहेको तथा त्यसपछि महिला हिंसा, लेनदेन, ठगी, शान्ति सुरक्षा, साधसीमाना, कुटपीट, घरायसी लगायतका मुद्दा रहेका छन्।

समितिमा जिम्मेवारी सरेर आएको १ सय १७ तथा आ.ब. २०७९/८० मा परेको ६६ गरी कुल १ सय ८३ मुद्दा रहेकोमा १ सय १७ मुद्दाको फछ्र्यौट गरिएको, ६ वटा अदालत पठाइएको तथा ६० वटा फछ्र्यौट प्रक्रियामा रहेको न्यायिक समिति मुद्दा फाँटका प्रमुख रामचन्द्र दासले जानकारी दिए।

यस्तै चालु आ.ब. २०८०/८१ को हाल सम्मको अवधीमा न्यायिक समितिमा थप २३ वटा मुद्दा दर्ता भएको छ। आ.ब. २०८०/०८१ मा सरेर आएको ६० र नयाँ दर्ता भएको २३ गरी कुल ८३ वटा मुद्दा फछ्र्यौट प्रक्रियामा लगीसकेको समेत उनले जानकारी दिए।

उनकै संयोजकत्वमा गठित तीन सदस्यीय न्यायिक समितीमा नगरपालिकाको वोर्डले मनोनित गरेको वडाध्यक्षबाट उदित नारायण यादव र वडा सदस्यबाट जीवछी देवी मंडल सदस्य छन्।

उपप्रमुख परवीनको मुख्य जिम्मेवारीमा रहेको न्यायिक समिति सँगै कार्यवाहक नगर प्रमुखको जिम्मेवारी समेत थपिएको छ। दुबै जिम्मेवारीलाई आफ्नो क्षमताले भ्याए सम्म पुरा गरिरहेको उनको भनाई छ।

# दबाब स्वरुप हस्ताक्षर अभियान सुरु

**राजविराज**/सवा दुई वर्षअघि शिलान्यास गरेर पनि निर्माण कार्य अझै सुरु नभएको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सुरु गर्न माग गर्दै सप्तरी युथले थालेको दोश्रो चरणको आन्दोलन कार्यक्रम अन्तरगत हस्ताक्षर अभियान सुरु भएको छ।

यसअघि प्रथम चरणमा साताव्यापी आन्दोलन सम्पन्न भएपछि थप दबाबका लागि दोश्रो चरणको आन्दोलन घोषणा गरिएको हो।

आन्दोलनरत युवाहरुले सुरु गरेको १० हजार हस्ताक्षर संकलन गर्ने अभियानको चौथो दिन शनिबार पनि जारि छ।

आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले हस्ताक्षर अभियानबाट पनि माग उपर सुनवाइ नभए तेस्रो चरणको आन्दोलनका थप कार्यक्रमहरू घोषणा गरिने आन्दोलन परिचालन समितिका संयोजक यादवले जानकारी दिए।

प्रतिष्ठान निर्माणको काम अविलम्ब सुरु गर्न माग गर्दै युवाले यसअघि पहिलो चरणमा ऱ्याली, सिट्ठी जुलुस, धर्ना, दिउँसै टर्च बालेर प्रदर्शन लगायतका कार्यक्रम गरिसकेका छन्।

प्रतिष्ठान निर्माण सुरु गर्न माग गर्दै विगत ५९ दिनदेखि सप्तरीको राजविराज नगरपालिका-१० बिरौलमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माणस्थलमा नै स्थानीयले रिले अनशनसलाई निरन्तरता दिइरहेका छन्। सरकारले अझै चासो नदेखाएको भन्दै युवाले पनि चरणबद्ध आन्दोलनका कार्यक्रम गर्दै सरकारमाथि दबाबको प्रयास थालेका हुन्।

हस्ताक्षर अभियानको चौथो दिन ५ हजार जनाले समर्थन जनाई ब्यानरमा हस्ताक्षर गरेको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए।

# महोत्सवको आयव्यय सार्वजनिक

**राजविराज**/सप्तरी युथ नेपालले सप्तरी महोत्सवको आयव्यय सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनको आयोजना गरि आयव्यय सार्वजनिक गरेको हो।

गत कात्तिक १२ गतेदेखी कात्तिक २५ गतेसम्म आयोजना गरेको सप्तरी महोत्सवमा कुल १ लाख १८ हजार ८ सय रुँपैया बचत भएको जनाइएको छ।

आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक आय-व्यय विवरण अनुसार महोत्सव संचालनका लागि ३५ लाख ५२ हजार ५० रुँपैया संकलन भएको मध्येबाट ३४ लाख ३३ हजार २ सय ५० रुँपैया खर्च भएको युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए।

उनका अनुसार टिकट बिक्रि बापत सर्वाधिक २१ लाख २ हजार ५० रुँपैया, मनोरन्जनका साधनहरुबाट ९ लाख ५ हजार, स्टलहरुबाट २ लाख ५० हजार तथा अन्य रकम विभिन्न प्रायोजक र विज्ञापनबाट संकलन भएको छ।

महोत्सवका लागि सबैभन्दा बढी महोत्सवमा आयोजित साँस्कृति कार्यक्रमका कलाकारहरुमा खर्च भएको जनाउँदै उनले साँस्कृतिक कार्यक्रममा सहभागि हुन आएका कलाकारहरुको पारिश्रमिक, वासआवास, खाना, लज भाडा, गाडी भाडा लगायतको कार्यमा १४ लाख ५० हजार खर्च भएको बताए।

यस्तै स्टेज निर्माण, साउण्ड सिस्टम, विद्युत, स्वमसेवक परिचालन, इन्धन, टेन्ट, प्रचारप्रसार तथा जाजरकोटका भुकम्प पीडितलाई सहयोगमा गरि कुल ३४ लाख ३३ हजार २ सय ५० रुँपैया खर्च भएको जनाइएको छ।

### *जसपा सप्तरीमा ...*

"पार्टीको विधान, परिपत्र र पद्धती विपरीत भेला गरी गठन गरिएको समिति अवैधानिक हो, पुरानो जिल्ला कार्यसमितिका ४८ मध्ये ४५ जना यतै रहेकाले आफूहरुको समिति नै अधिकारिक र वैधानिक हो।"

यसैबीच संस्थापन पक्षले भातृसंगठन समाजबादी युवा संघ सप्तरीको विस्तारीत भेलाबाट केदार प्रसाद यादवको अध्यक्षता मा ३१ सदस्यीय समाजवादी युवा संघ सप्तरी जिल्ला कार्यसमिति गठन गरेको छ।

संस्थापन पक्षमा पार्टीका कार्यकारणी सदस्य एवं राष्ट्रिय सभासदस्य मृगेन्द्र कुमार सिंह यादव, कार्यकारणी सदस्य एवं प्रतिनिधिसभा सदस्य नवलकिशोर साह, कार्यकारणी सदस्य एवं प्रदेशसभा सदस्य मनिष सुमन लगायतका नेताहरु उभिएको जसपा मधेश प्रदेश समितिका मुख्य सचिव दिनेश कुमार यादवको भनाई छ।

उनले पार्टीका मधेश प्रदेश अध्यक्ष रामबाबु कुमार यादवको अध्यक्षतामा बसेको प्रदेश बैठकले सप्तरीमा केदार प्रसाद यादव र पर्सामा रामनरेश यादव कै अध्यक्षता रहेको जिल्ला समिति आधिकारिक रहेको तथा पूर्वाग्रही र विधान विपरीत गठित समितिहरुले कार्यकर्तामा भ्रम मात्र छर्ने काम गरेको निर्णय गरेको जानकारी दिए।

मुख्य सचिव यादवद्वारा नै जारि विज्ञप्तिमा औचित्यहीन, हल्ला फिजाईएका कथित समानान्तर समितिको गतिविधिमा नलाग्न सबै नेता कार्यकर्ताहरु आग्रह समेत गरिएको छ।

उनले सप्तरी जिल्लामा गुटउपगुटको राजनीति विधान सम्मत नरहेकोले असन्तुष्ट पक्षहरुको गुनासो सुन्न र बुझ्न प्रदेश अध्यक्षको संयोजकत्वमा एउटा समिति गठन भइसकेको र चाडै समस्या समाधान हुने विश्वास समेत व्यक्त गरेका छन्।

जसपाका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवको गृह जिल्ला तथा पुरानो निर्वाचन क्षेत्रमा देखिएको यस्तो विवादले अन्ततः समग्र पार्टी संगठनलाई नै घाटा पुऱ्याउने जसपा राजनैतिक समितिका सदस्य अमरनाथ मण्डलको भनाइ छ। उनले सप्तरीमा देखिएको विवाद उत्कर्षमा पुगेको भन्दै समाधानका लागी केन्द्रिय समितिले तत्काल पहल गर्नु पर्नेमा जोड दिएका छन्।

# बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रों हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःवदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*